**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ जून २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**<u>प्रमुख समाचार</u>**

- राज्यमा भारतीय जनता पार्टी (भाजपा) सरकारले 20 जूनको दिन आधिकारिक रूपले 'पश्चिम बंगाल राज्य दिवस' मनाउने घोषणा गरेको छ।
- राज्यको भाजपा सरकारले हिजो औपचारिक रूपमा महिलाहरूको लागि बहुप्रतिक्षित "अन्नपूर्ण योजना" सुरु गरेको छ।
- तृणमूल कांग्रेसबाट निष्कासित विधायक ऋतब्रत बंद्योपाध्यायलाई विधानसभामा विपक्ष नेताको रुपमा मान्यता दिइएको छ।
- दार्जिलिङका सांसद तथा भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय प्रवक्ता राजु बिष्टले 'अन्नपूर्णा योजना' लाई महिलाको सशक्तीकरणका लागि दूरदर्शी र ऐतिहासिक पहल भएको बताउनु भएको छ।
- फँसीदेवा पञ्चायत समितिमा नौ जना सदस्यले संयुक्त रूपमा अध्यक्ष विरुद्ध अविश्वास प्रस्ताव पेश गरेपछि राजनीतिक उथलपुथल मच्चिएको छ।

**<u>राज्य दिवस</u>**

राज्यमा भारतीय जनता पार्टी (भाजपा) सरकारले 20 जूनको दिन आधिकारिक रूपले 'पश्चिम बंगाल राज्य दिवस' मनाउने घोषणा गरेको छ। यो निर्णय हिजो भएको राज्य मंत्रिमंडल बैठकमा लिइएको हो, जसको अध्यक्षता मुख्यमंत्री शुभेंदु अधिकारीले गर्नुभयो।

मंत्रिमंडलको बैठकपछि पंचायत मंत्री दिलीप घोषले भन्नुभयो, 20 जून, 1947 मा तत्कालीन बंगाल विधानसभामा डॉ. श्यामा प्रसाद मुखर्जीको नेतृत्वमा एक महत्वपूर्ण प्रस्ताव पारित गरिएको थियो। यस प्रस्तावले बंगाल विभाजन अनि पश्चिम बंगाल राज्य गठनको मार्ग प्रशस्त गरेको थियो। यसै ऐतिहासिक महत्वलाई ध्यानमा राख्दै राज्य सरकारले 20 जूनमा 'पश्चिम बंगाल दिवस'को रूपमा मनाउने निर्णय गरेको हो।

श्री दिलीप घोषले भन्नुभयो अबदेखि हरेक वर्ष 20 जूनमा राज्य सरकारको तर्फबाट आधिकारिक कार्यक्रम आयोजित गरिनेछ।

**<u>अन्नपूर्ण योजना</u>**

राज्यको भाजपा सरकारले हिजो औपचारिक रूपमा महिलाहरूको लागि बहुप्रतिक्षित "अन्नपूर्ण योजना" सुरु गरेको छ। योजनाको पहिलो चरण अन्तर्गत दर्ता भएका २८.२५ लाख महिला लाभार्थीहरूको खातामा प्रति महिना ३,००० रुपियाँको आर्थिक सहायता स्थानान्तरण गर्ने प्रक्रिया सुरु भएको छ।

***यो योजना विधानसभा चुनावको समयमा भाजपाको प्रमुख प्रतिज्ञाहरू मध्ये एक हो। नयाँ योजनाले अघिल्लो तृणमूल कांग्रेस सरकारको "लक्ष्मी भण्डार" योजनालाई प्रतिस्थापन गर्दछ। लक्ष्मी भण्डार योजना अन्तर्गत, राज्यका लगभग २.४२ करोड महिलाले प्रति महिना १,५०० रुपियाँ प्राप्त गर्दै थिए।***

*योजनाको सुरुवात गर्दै, मुख्यमन्त्री शुभेन्दु अधिकारीले भन्नुभयो पछिल्लो तीन दिनमा २८.२५ लाख महिलाहरूको प्रमाणीकरण र विशेष पोर्टलमा दर्ता गरिएको छ। उहाँले अझ भन्नुभयो, अर्को तीन महिनाको लागि अनलाइन र अफलाइन दुवै रूपमा आवेदनहरू स्वीकार गरिनेछ। ब्लक विकास कार्यालयहरू, नगरपालिका कार्यालयहरू र अन्य तोकिएका सरकारी केन्द्रहरूमा आवेदनहरू पेश गर्न सकिन्छ।*

*मुख्यमन्त्रीले भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीको ग्यारेन्टी र डबल इन्जिन सरकारको प्रतिबद्धताका कारण महिलाहरूलाई प्रति महिना ३,००० रुपैयाँको राहत रकम प्राप्त भएको छ। उहाँले नयाँ आवेदनहरू निरन्तर स्वीकार गरिने, र प्रमाणीकरण पूरा भएपछि रकम सबै योग्य महिलाहरूको खातामा स्थानान्तरण गरिने स्पस्ट पर्नुभयो।*

*नयाँ दर्ता र प्रमाणीकरण प्रक्रियाको पक्षमा बोल्दै, मुख्यमन्त्री श्री अधिकारीले भन्नुभयो एस आइ आर को समयमा मतदाता सूचीबाट स्थायी रूपमा हटाइएका धेरै व्यक्तिहरूले अघिल्ला कल्याणकारी योजनाहरूबाट लाभ उठाइरहेका थिए। उहाँले भन्नुभयो सरकार सरकारी कोषहरू योग्य भारतीय नागरिकहरूसम्म मात्र पुग्ने र कुनै पनि गैर-भारतीयले सरकारी योजनाहरूबाट लाभ नपाउने कुरा सुनिश्चित गर्न चाहन्छ।*

*यद्यपि, मुख्यमन्त्रीले यो पनि स्पष्ट पार्नु भयो कि नागरिकता संशोधन ऐन अन्तर्गत नागरिकताको लागि आवेदन दिएका बंगलादेशका हिन्दू शरणार्थीहरू र न्यायाधिकरणहरूमा विचाराधीन पुनरावेदन मुद्दाहरू पनि योजनाको लागि आवेदन दिन सक्षम हुनेछन्।*

## अग्निमित्रा पाल

राज्यकी महिला एवं शिशु कल्याण मंत्री अग्निमित्रा पालले भन्नुभयो, अन्नपूर्णा भंडार योजना केवल आर्थिक सहायता प्रदान गर्ने योजना होइन, तर महिलाहरुलाई आत्मनिर्भर अनि सशक्त बनाउने एक महत्वपूर्ण पहल हो। उहाँले भन्नुभयो भाजपा सरकार बनेपछि जुन प्रकारले महिलाहरुको आर्थिक सशक्तिकरणलको संकल्प लिएको छ, त्यसलाई अब धरातलमा उतार्ने काम भइरहेको छ।

पत्रकारहरुसितको बातचीतमा मंत्री पालले भन्नुभयो उहाँको निम्ति यो गर्व अनि सम्मानको विषय हो कि मुख्यमंत्री शुभेंदु अधिकारीको नेतृत्वमा महिलाहरुका लागि लिए शुरू गरिएको अन्नपूर्णा भंडार योजना अन्तर्गत लाखौ महिलाहरुको खातामा डायरेक्ट बेनिफिट ट्रांसफर (डीबीटी) को माध्यमले सहायता राशि भुक्तान गरिएको छ।

## 'मां आहार' योजना

पश्चिम बंगालमा सत्तारूढ़ भाजपा सरकारले पूर्ववर्ती तृणमूल कांग्रेस सरकारको जनकल्याणकारी योजना 'मां कैंटीन'लाई जारी राख्ने फैसला गरेको छ। यधपि, योजनाको नाम परिवर्तन गरी अब 'मां आहार' गरिनेछ । यसका साथै सरकारले राज्यभरि यस योजनाको विस्तारको पनि घोषणा गरेको छ।

हिजो नवान्नमा नयाँ सरकारको पूर्ण मंत्रिपरिषदको पहिलो बैठक पछि पंचायत एवं ग्रामीण विकास मंत्री दिलीप घोषले यो जानकारी दिनुभयो। श्री  घोषले भन्नुभयो हालसम्म राज्यमा 390 केंद्रहरुले यस योजना अन्तर्गत भोजन उपलब्ध गराईन्थ्यो। अब 110 नयाँ 'मां आहार' केंद्र स्थापित गरिनेछ। त्यसपछि राज्यमा कुल 500 केंद्रहरुबाट मात्र पांच रुपियाँमा भोजन उपलब्ध गराईने छ।

उहाँले भन्नुभयो, सरकारको प्राथमिकता गरीब अनि आवश्यकहरुलाई सस्तो  दरमा पौष्टिक भोजन प्रदान गरिरहनु हो। यसै उद्देश्यले योजनालाई बंद गर्नुको साटो यसको विस्तार गर्ने निर्णय लिइएको हो।

## विधानसभा नेता प्रतिपक्ष

तृणमूल कांग्रेसबाट निष्कासित विधायक ऋतब्रत बंद्योपाध्यायलाई विधानसभामा विपक्ष नेताको रुपमा मान्यता दिइएको छ। विधानसभा अध्यक्ष रथींद्र बसुको स्वीकृति पछि नेता प्रतिपक्षका लागि निर्धारित कक्ष पनि खोलियो अनि चाबी श्री ऋतब्रतलाई हस्तान्तरण गरेको छ।

श्री ऋतब्रत बंद्योपाध्यायले दाबी गर्नुभयो, तृणमूलको टिकटमा निर्वाचित दुइ-तिहाई विधायक उनको साथमा छ अनि यही समूहले अब विधानसभामा तृणमूलको संसदीय दलको बहुमत राख्दछ। उहाँले भनुभयो, अब विपक्षले भारतीय जनता पार्टी (भाजपा) सरकार बिरुद्ध बलियो भूमिका निभाउने छ।
श्री ऋतब्रत अनुसार, तृणमूलका 80 विधायकहरु मध्ये 60 विधायकहरुले उहाँलाई विपक्षका नेता बनाउने प्रस्तावको समर्थन गरिसकेको छ। उहाँले भन्नुभयो हाल 58 विधायकहरुको लिखित समर्थन उहाँसित छ, जबकि दुइ अन्य विधायक राज्य बाहर छन् अनि उनीहरुले पनि सहमति दिएका छन्।

## ऋतब्रत बंद्योपाध्याय

पश्चिम बंगालको राजनीतिम तृणमूल कांग्रेस भित्र जारी संघर्ष बीच नवमान्यता प्राप्त विपक्षका नेता ऋतब्रत बंद्योपाध्यायले पार्टीका राष्ट्रीय महासचिव तथा लोकसभा सांसद अभिषेक बनर्जीको आलोचना गर्नुभएको छ। उहाँले भन्नुभयो अभिषेक बनर्जीको यो पार्टीसित कुनै संबंध छैन, जबकि ममता बनर्जीलाई एक वरिष्ठ नेताको रूपमा पार्टीको मुख्य सलाहकारको भूमिकामा देख्न चाहन्छौ।

हिजो विधानसभामा विपक्ष नेताको रूपमा पाएपछि पत्रकारहरुसितको बातचीतमा ऋतब्रतले भन्नुभयो, अभिषेक बनर्जीको कुनै भूमिका रहने छैन। उनीसित पार्टीको कुनै संबंध छैन । जनतासित पनि उनको कुनै जुड़ाव छैन। यदी जनतासित उनी जोडिएको भए चुनावी हारपछि उनी 26 दिनसम्म सार्वजनिक रूपले हराउने थिएन, तर जनता बीच आउने थिए। उहाँले आरोप लगाउनु भयो, चुनाव पछि भएका घटना अवधि अभिषेक बनर्जी जनताको समर्थन दाबी गरिरहेका थिए तर पछि आफ्नो सुरक्षा बढ़ाउन केंद्र सरकारलाई पत्र लेख्नु पर्यो। अर्कोतिर, ऋतब्रतले तृणमूल प्रमुख ममता बनर्जी प्रति सम्मान जताउदै भन्नुभयो उहाँ राज्य अनि देशको एक वरिष्ठ राजनीतिक नेता भएको बताउनुभयो।

## अभिषेक बनर्जी-इ डी

राज्यको चर्चित प्राथमिक शिक्षक भर्ती अनियमितता मामिलाको जांचको क्रममा प्रवर्तन निदेशालय (ईडी)ले तृणमूल कांग्रेसका राष्ट्रीय महासचिव अभिषेक बनर्जीलाई नोटिस जारी गरेको छ।
सूत्र अनुसार, ईडीले प्राथमिक शिक्षक भर्ती मामिलाको जांच अन्तर्गत अभिषेक बनर्जीलाई 15 जूनमा सोधपुछका लागि उपस्थित हुने निर्देश दिएको छ । यस संबंधमा जांच एजेंसीका अधिकारीहरु उनिको आवासमा समन दिन पुगेका थिए ।

## अन्नपूर्ण योजना सांसद बिष्ट

दार्जिलिङका सांसद तथा भारतीय जनता पार्टी (भाजपा) का राष्ट्रिय प्रवक्ता राजु बिष्टले दार्जिलिङमा पश्चिम बंगाल सरकारको महत्वाकांक्षी ‘अन्नपूर्णा योजना’ को उद्घाटन कार्यक्रममा सहभागिता जनाउँदै यसलाई महिलाको सशक्तीकरणका लागि दूरदर्शी र ऐतिहासिक पहल भएको बताउनु भएको छ। यस योजनाअन्तर्गत पश्चिम बंगालका २५ देखि ६० वर्ष उमेर समूहका सबै योग्य महिलाहरूलाई आधारसँग जोडिएको बैंक खातामा प्रत्यक्ष लाभ हस्तान्तरण (DBT) मार्फत मासिक ₹३,००० प्रदान गरिनेछ।

## फँसीदेवा पञ्चायत समिति

हिजो फँसीदेवा पञ्चायत समितिमा नौ जना सदस्यले संयुक्त रूपमा अध्यक्ष विरुद्ध अविश्वास प्रस्ताव पेश गरेपछि राजनीतिक उथलपुथल मच्चिएको छ। प्रस्ताव सिलगढीको एस डी ओ कार्यालयमा पेश गरिएको थियो, जसले स्थानीय राजनीतिमा नयाँ बहसको सुरुवात गर्‍यो। २१ सदस्यीय फँसीदेवा पञ्चायत समितिमा हाल १८ तृणमूल कांग्रेसका, दुई भाजपाका र एक स्वतन्त्र (जो पछि तृणमूलमा सामेल भए) सदस्यहरू छन्। नौ जना सदस्यहरूले एकैसाथ अविश्वास प्रस्ताव पेश गर्नुले विद्यमान समीकरणमा परिवर्तनको संकेत गरेको छ।

****** ० ******